आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित नीति तथा प्रमुख

कार्यक्रमहरूको २०८० असोज मसान्तसम्मको

# प्रगति प्रतिवेदन (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

# विषयसूची


१. पृष्ठभूमि ............ १

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति ............ २

३. खर्च सम्बन्धी प्रगति स्थिति ............ ४

४. क्षेत्रगत प्रगति स्थिति ............ ५

४.१ आर्थिक क्षेत्र ............ ५

४.२ पूर्वाधार क्षेत्र ............ ७

४.३ सामाजिक क्षेत्र ............ ९

४.४ शासकीय सुधार क्षेत्र ............ १०

५. समीक्षा अवधिमा सम्पन्न भएका मुख्य कार्यहरू ............ १३

६. समस्या र कारणहरूको विश्लेषण ............ २०

७. सुझावहरू: ............ २२

# १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिलमा सघाउ पुर्‍याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एकै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउनसमेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुबै सदनको संयुक्त बैठकलाई मिति २०८० साल जेठ ५ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको राष्ट्रिय तथ्याङ्क कार्यालयसमेत गरी १६०० क्रियाकलाप र ३४२१ माइलस्टोनका साथै २१ मन्त्रालयहरू तथा लगानी बोर्डको कार्यालयसमेतका ३२७ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। आयोजना कार्यान्वयनलाई प्रभावकारी गराउन चालु आ.व.मा राष्ट्रिय गौरव, रूपान्तरणकारी तथा सघन अनुगमन आवश्यक देखिएका ३१ महत्त्वपूर्ण आयोजनाहरूसमेत छनोट गरी यस प्रणालीमा आवद्ध गरिएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागू गर्ने क्रममा आ.व. २०८०/८१ को वार्षिक

कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाईसमेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानून संशोधन, आयोजना तथा क्रियाकलापहरू सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौता जस्ता माइलस्टोनहरूको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरुप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र सम्बन्धित माननीय मन्त्रीज्यूबीच मिति २०८०/०४/२५ मा कार्य सम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् चालु आर्थिक वर्षको असोज महिनासम्ममा बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

यस एकीकृत अनुगमन (अनलाइन) प्रणालीको स्तरोन्नति प्रक्रिया चल्दै गरेको हुँदा प्राविधिक कारणले छनौटमा परेका आयोजनाहरूको प्रगति विवरण समेट्न नसकिएकोले आयोजनाहरूको विवरण समावेश गरिएको छैन।

## २. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

आ.व. २०८०/०८१ का लागि विभिन्न २७ निकायहरूको कार्ययोजनामा समावेश भएका कूल १६०० क्रियाकलाप तथा ३४२१ माइलस्टोनमध्ये २०८० असोज मसान्तसम्ममा ३.८८% क्रियाकलाप र ८.१३% माइलस्टोन सम्पन्न भएका छन्। असोज मसान्तसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित ७७५ माइलस्टोनहरूमध्ये ३५.३५% माइलस्टोन मात्र यस अवधिमा सम्पन्न भएका, ५१.१०% माइलस्टोन चालु अवस्थामा रहेका र १३.५५% माइलस्टोन शुरू हुन सकेका छैनन्।

त्यसैगरी असोज महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ७२५ माइलस्टोनहरूमध्ये ९१.४४% शुरू भएका छन् भने ८.५६% शुरू हुन सकेका छैनन्। असोज मसान्तसम्म शुरू वा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ११.१३% शुरू नै हुन सकेका छैनन्। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका -१ र तालिका -२ मा प्रस्तुत गरिएको छः-

**तालिका -१**

**क्रियाकलापहरूको स्थिति**

| क्षेत्र | २०८० असोज महिनासम्म | | | |
|---|---|---|---|---|
| | क्रियाकलाप संख्या | सम्पन्न भएका | चालु | शुरू नभएका |
| आर्थिक | ४१५ | १५ | २२० | १८० |
| पूर्वाधार | ५०० | ३ | ३३८ | १५९ |
| शाासकीय सुधार | ३९२ | १८ | १९९ | १७५ |
| सामाजिक | २९३ | २६ | १६० | १०७ |
| कूल | १६०० | ६२ | ९१७ | ६२१ |
| | प्रतिशत | ३.८८ | ५७.३१ | ३८.८१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

**तालिका -२**

**कूल माइलस्टोनहरूको स्थिति**

| क्षेत्र | कूल संख्या | २०८० असोज महिनासम्म | | | | | | | शुरू वा सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएका (कूल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न भएका | सम्पन्न हुनुपर्ने मध्ये | | शुरू हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) | शुरू हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | |
| | | | | चालु | शुरू नभएका | | शुरू भएका | शुरू नभएका | |
| आर्थिक | ७९७ | १८० | ६९ | १०२ | १० | १४० | १३७ | ३ | १३ |
| पूर्वाधार | १३४८ | २३६ | ३६ | १४७ | ५३ | ४०२ | ३५७ | ४५ | ९८ |
| शाासकीय सुधार | ६५४ | १४९ | ७० | ६० | २२ | ११७ | १०४ | १२ | ३४ |
| सामाजिक | ६२२ | २१० | १०३ | ८७ | २० | ६६ | ६४ | २ | २२ |
| कूल | ३४२१ | ७७५ | २७८ | ३९६ | १०५ | ७२५ | ६६२ | ६२ | १६७ |
| | प्रतिशत | | ३५.३५ | ५१.१० | १३.५५ | | ९१.४४ | ८.५६ | ११.१३ |


* *आर्थिक क्षेत्रको १ र शासकीय सुधार क्षेत्रको ४ माइलस्टोन लक्षित समय अगावै सम्पन्न भएको*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूको समग्र क्रियाकलाप र असोजसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति प्रतिशत लेखाचित्र-१ मा र पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये शुरू भएका वा शुरू हुन नसकेका माइलस्टोनहरूको स्थिति लेखाचित्र-२ मा प्रस्तुत गरिएको छः-


लेखाचित्र-१

समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप तथा माइलस्टोनहरूको असोजसम्मको प्रगति स्थिति




लेखाचित्र-२

असोजभित्र शुरू भई पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये शुरू भएका र शुरू हुन नसकेका माइलस्टोनहरूको स्थिति




## ३. खर्चसम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा नेपाल सरकारद्वारा विनियोजित कूल बजेटमध्ये असोज मसान्तसम्ममा १६.०२% खर्च भएको छ। यसमध्ये चालुतर्फ १८.६९%, पूँजीगततर्फ ५.९% तथा वित्तीय व्यवस्थापनतर्फ १६.०५% खर्च भएको छ। कूल खर्चसम्बन्धी विवरण तालिका-३ मा राखिएको छ।

तालिका-३

२०८० असोज महिनासम्मको कूल खर्च विवरण

रु. अर्बमा

| विषय | चालु | पूँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कूल बजेट | ११४१.७८४१ | ३०२.०७४४ | ३०७.४५३६ | १७५१.३१ |
| २०८० असोज सम्मको खर्च | २१३.३९०४ | १७.८३३१ | ४९.३४९ | २८०.५७३ |
| खर्च प्रतिशत | १८.६९ | ५.९० | १६.०५ | १६.०२ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

## ४. क्षेत्रगत प्रगति स्थिति

### ४.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ; कृषि तथा पशुपंक्षी विकास; उद्योग, वाणिज्य तथा आपूर्ति; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; वन तथा वातावरण; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयलाई समावेश गरी विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

#### (क) क्रियाकलापको प्रगति स्थिति

असोज मसान्तसम्म यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको प्रगति स्थिति हेर्दा ३.६% सम्पन्न भएको, ५३% चालु अवस्थामा रहेको र ४३.४% कार्य शुरू नभएको देखिएको छ। क्रियाकलापहरू सम्पादनको तुलनात्मक स्थिति हेर्दा अर्थ मन्त्रालयको ८.८% र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ५.८% क्रियाकलापहरू सम्पन्न भएका देखिएका छन्। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको यस क्षेत्रका क्रियाकलापहरूको सम्पादनसम्बन्धी विस्तृत विवरण तालिका-४ मा उल्लेख गरिएको छ।

तालिका-४

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

| क.स. | मन्त्रालय/निकाय | कूल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अर्थ | ११३ | १० | ८.८ | ४३ | ३८.१ | ६० | ५३.१ |
| २ | कृषि | ४८ | ० | ०.० | ३६ | ७५.० | १२ | २५.० |
| ३ | उद्योग | ८६ | ५ | ५.८ | ४३ | ५०.० | ३८ | ४४.२ |
| ४ | संस्कृति | ५७ | ० | ०.० | २७ | ४७.४ | ३० | ५२.६ |
| ५ | वन | ५१ | ० | ०.० | ४३ | ८४.३ | ८ | १५.७ |
| ६ | भूमि | ४३ | ० | ०.० | २३ | ५३.५ | २० | ४६.५ |
| ७ | लगानी बोर्ड | १७ | ० | ०.० | ५ | २९.४ | १२ | ७०.६ |
| | कूल | ४१५ | १५ | ३.६ | २२० | ५३.० | १८० | ४३.४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा असोज मसान्तसम्म सम्पन्न हुनुपर्ने १८० माइलस्टोनमध्ये ३७.८% माइलस्टोन मात्र सम्पन्न भएका, ५६.७% चालु अवस्थामा रहेका र ५.६% माइलस्टोन शुरू हुन सकेका छैनन्। असोज महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा लगानी बोर्डको कार्यालयको सबैभन्दा बढी ६६.७% सम्पन्न भएको देखिएको छ भने कृषि तथा पशुपंछी विकास मन्त्रालयको सबैभन्दा कम १७.९% माइलस्टोन सम्पन्न भएको देखिएको छ। असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने जम्मा ३२० माइलस्टोनहरूमध्ये ४.१% शुरू नभएको देखिएको छ। आर्थिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-५ मा प्रस्तुत गरिएको छः-

**तालिका-५**

**आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनहरूको २०८० असोज मसान्तसम्मको प्रगति स्थिति**

| क.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | असोजसम्म सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | असोज भित्र शुरू हुनुपर्ने | असोजसम्म शुरू हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | शुरू नभएको | | | शुरू भएको | | शुरू नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | अर्थ | १७५ | ४८ | २२ | ४५.८ | २५ | ५२.१ | १ | २.१ | १९ | १८ | ९४.७ | १ | ५.३ | ३.० |
| २ | कृषि | ११७ | २८ | ५ | १७.९ | १५ | ५३.६ | ८ | २८.६ | ३४ | ३२ | ९४.१ | २ | ५.९ | १६.१ |
| ३ | उद्योग | १३८ | ४३ | १५ | ३४.९ | २८ | ६५.१ | ० | ०.० | १२ | १२ | १००.० | ० | ०.० | ०.० |
| ४ | संस्कृति | १३६ | २५ | ७ | २८.० | १८ | ७२.० | ० | ०.० | १५ | १५ | १००.० | ० | ०.० | ०.० |
| ५ | वन | ९९ | १० | ३ | ३०.० | ७ | ७०.० | ० | ०.० | ३४ | ३४ | १००.० | ० | ०.० | ०.० |
| ६ | भूमि | ११० | २३ | १४ | ६०.९ | ८ | ३४.८ | १ | ४.३ | २२ | २२ | १००.० | ० | ०.० | २.२ |
| ७ | लगानी बोर्ड | २२ | ३ | २ | ६६.७ | १ | ३३.३ | ० | ०.० | ४ | ४ | १००.० | ० | ०.० | ०.० |
| कुल | | ७९७ | १८० | ६८ | ३७.८ | १०२ | ५६.७ | १० | ५.६ | १४० | १३७ | ९७.९ | ३ | २.१ | ४.१ |

** वन मन्त्रालयको थप १ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको पूर्व निर्धारित कार्ययोजना अनुसारको कार्यसम्पादनको समय अनुसार विश्लेषण गर्दा असोजसम्म सम्पन्न हुनुपर्ने १८० माइलस्टोनहरूमध्ये ६२ समयमै, १ माइलस्टोन निर्धारित समयभन्दा छिटो र ६ माइलस्टोन निर्धारित समयभन्दा ढीलो सम्पन्न भएका छन्। आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको सम्पन्न स्थिति तालिका-६ मा प्रस्तुत गरिएको छ।

तालिका-६

आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

| क.स. | मन्त्रालय/निकाय | माइलस्टोन संख्या | कूल सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | १७५ | २२ | ० | २० | २ |
| २ | कृषि तथा पशुपंछी विकास मन्त्रालय | ११७ | ५ | ० | ५ | ० |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १३८ | १५ | ० | ११ | ४ |
| ४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १३६ | ७ | ० | ७ | ० |
| ५ | वन तथा वातावरण मन्त्रालय | ९९ | ४ | १ | ३ | ० |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ११० | १४ | ० | १४ | ० |
| ७ | लगानी बोर्डको कार्यालय | २२ | २ | ० | २ | ० |
| कूल | | ७९७ | ६९ | १ | ६२ | ६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात; उर्जा, जलस्रोत तथा सिँचाई; शहरी विकास; खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) क्रियाकलापको प्रगति स्थिति

यस पूर्वाधार क्षेत्रअन्तर्गतका समग्र क्रियाकलापको अवस्था हेर्दा कूल ५०० क्रियाकलापहरूमध्ये ०.६% सम्पन्न, ६७.६% चालु र ३१.८% शुरू नभएको अवस्था देखिन्छ। क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सबैभन्दा बढी १.७% क्रियाकलाप सम्पन्न भएको, सहरी विकास मन्त्रालयको सबैभन्दा बढी ७९.९% क्रियाकलाप चालु अवस्थामा रहेको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकै ६६.७% क्रियाकलाप हालसम्म शुरू हुन नसकेको देखिएको छ। यस क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-७ मा प्रस्तुत गरिएको छ।

तालिका-७

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

| क.स. | मन्त्रालय | कूल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भौतिक पूर्वाधार तथा यातायात | ६० | १ | १.७ | १९ | ३१.७ | ४० | ६६.७ |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाई | ११३ | १ | ०.९ | ७४ | ६५.५ | ३८ | ३३.६ |
| ३ | सहरी विकास | २४४ | १ | ०.४ | १९५ | ७९.९ | ४८ | १९.७ |
| ४ | खानेपानी | ४१ | ० | ०.० | २६ | ६३.४ | १५ | ३६.६ |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ४२ | ० | ०.० | २४ | ५७.१ | १८ | ४२.९ |
| कूल | | ५०० | ३ | ०.६ | ३३८ | ६७.६ | १५९ | ३१.८ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### (ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूको निर्धारित १३४८ माइलस्टोनहरूमध्ये असोज महिनामा सम्पन्न हुनु पर्ने २३६ माइलस्टोन रहेका छन्। असोज मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सबैभन्दा बढी ७५% माइलस्टोन सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्रको समग्र प्रगति अवस्था हेर्दा असोज मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये १५.३% सम्पन्न, ६२.३% चालु र बाँकी २२.५% शुरू हुन नसकेको देखिएको छ। त्यस्तै असोज मसान्तसम्म शुरू हुनुपर्ने ४०२ माइलस्टोनमध्ये ८८.८% शुरू भएका छन्। असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने जम्मा ६३८ माइलस्टोनहरूमध्ये १५.४% शुरू नभएको देखिएको छ। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

**पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको २०८० असोज मसान्तसम्मको प्रगति स्थिति**

| क.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | असोजसम्म सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | असोज भित्र शुरू हुनुपर्ने | असोजसम्म शुरू हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएको प्रतिशत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | शुरू नभएको | | | शुरू भएको | | शुरू नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | संख्या | प्रतिशत | संख्या | |
| १ | भौतिक | १०७ | ८ | ६ | ७५.० | २ | २५.० | ० | ०.० | १८ | १८ | १०० | ० | ०.० | ०.० |
| २ | ऊर्जा | २८६ | २५ | ३ | १२.० | १५ | ६०.० | ७ | २८.० | ११९ | ११० | ९२.४ | ९ | ७.६ | ११.१ |
| ३ | सहरी | ७५६ | १६३ | १८ | ११.० | ११० | ६७.५ | ३५ | २१.५ | २१५ | १८१ | ८४.२ | ३४ | १५.८ | १८.३ |
| ४ | खानेपानी | १०६ | ८ | ५ | ६२.५ | ३ | ३७.५ | ० | ०.० | ३५ | ३४ | ९७.१ | १ | २.९ | २.३ |
| ५ | सञ्चार | ९३ | ३२ | ४ | १२.५ | १७ | ५३.१ | ११ | ३४.४ | १५ | १४ | ९३.३ | १ | ६.७ | २५.५ |
| | कूल | १३४८ | २३६ | ३६ | १५.३ | १४७ | ६२.३ | ५३ | २२.५ | ४०२ | ३५७ | ८८.८ | ४५ | ११.२ | १५.४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक कार्ययोजनामा यस अवधिमा सम्पन्न हुनुपर्ने गरी निर्धारण गरिएका कूल २३६ माइलस्टोनमध्ये ३६ मात्र सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनहरूको समयसीमाका आधारमा विश्लेषण गर्दा ३४ वटा माइलस्टोन समयमै र २ वटा माइलस्टोन ढिलो सम्पन्न भएका छन्। समय सारिणीअनुसार माइलस्टोनको प्रगति तालिका-९ मा प्रस्तुत गरिएको छ।

तालिका-९

**पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति**

| क.स. | मन्त्रालय | माइलस्टोन संख्या | कूल सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातायात | १०७ | ६ | ० | ६ | ० |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाई | २८६ | ३ | ० | ३ | ० |
| ३ | सहरी विकास | ७५६ | १८ | ० | १६ | २ |
| ४ | खानेपानी | १०६ | ५ | ० | ५ | ० |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ९३ | ४ | ० | ४ | ० |
| | कूल | १३४८ | ३६ | ० | ३४ | २ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ४.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि; स्वास्थ्य तथा जनसंख्या; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका कूल २९३ क्रियाकलापहरू रहेकामा समग्र क्रियाकलापको प्रगति स्थिति हेर्दा ८.९% सम्पन्न भएका, ५४.६% चालु अवस्थामा रहेका र ३६.५% शुरू नभएको देखिएको छ। सम्पन्न क्रियाकलापको अवस्थालाई तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको १६.४% क्रियाकलाप सम्पन्न भएको, युवा तथा खेलकुद मन्त्रालयको ६४.३% चालु अवस्थामा रहेका र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ४७.२% क्रियाकलाप शुरू नै हुन नसकेको देखिएको छ । सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१० मा प्रस्तुत गरिएको छः-

**तालिका-१०**
**सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति**

| क.स. | मन्त्रालय | कूल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | ११० | १८ | १६.४ | ५४ | ४९.१ | ३८ | ३४.५ |
| २ | स्वास्थ्य तथा जनसंख्या | ७८ | २ | २.६ | ५० | ६४.१ | २६ | ३३.३ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २७ | १ | ३.७ | १४ | ५१.९ | १२ | ४४.४ |
| ४ | युवा तथा खेलकुद | ४२ | १ | २.४ | २७ | ६४.३ | १४ | ३३.३ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३६ | ४ | ११.१ | १५ | ४१.७ | १७ | ४७.२ |
| | कूल | २९३ | २६ | ८.९ | १६० | ५४.६ | १०७ | ३६.५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ख) माइलस्टोनको प्रगति स्थिति

यस क्षेत्रका कूल ६२२ माइलस्टोन रहेकोमा असोजसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित २१० माइलस्टोनमध्ये ४९% माइलस्टोन सम्पन्न भएका, ४१.४% चालु अवस्थामा रहेका र ९.५% शुरू हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ५६.९% रहेको, चालुतर्फ सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६८.२% माइलस्टोन देखिएका छन् । त्यस्तै असोज मसान्तभित्र शुरू हुनुपर्ने ६६ माइलस्टोनमध्ये ९७% शुरू भएका छन्। असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने जम्मा २७६ माइलस्टोनहरूमध्ये ८% शुरू नभएको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगति सम्बन्धी विवरण तालिका-११ मा प्रस्तुत छ।

तालिका-११

सामाजिक क्षेत्रका माइलस्टोनहरूको २०८० असोज मसान्तसम्मको प्रगति स्थिति

| क.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | असोजसम्म सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | असोज भित्र शुरू हुनुपर्ने | असोजसम्म शुरू हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएको प्रतिशत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | शुरू नभएको | | | शुरू भएको | | शुरू नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | संख्या | प्रतिशत | संख्या | |
| १ | शिक्षा | २४० | ९५ | ४८ | ५०.५ | ३८ | ४०.० | ९ | ९.५ | १५ | १५ | १००.० | ० | ०.० | ८.२ |
| २ | स्वास्थ्य | १९३ | ५८ | ३३ | ५६.९ | १५ | २५.९ | १० | १७.२ | १९ | १७ | ८९.५ | २ | १०.५ | १५.६ |
| ३ | महिला | ५६ | २२ | ६ | २७.३ | १५ | ६८.२ | १ | ४.५ | ४ | ४ | १००.० | ० | ०.० | ३.८ |
| ४ | युवा | ६२ | १४ | ५ | ३५.७ | ९ | ६४.३ | ० | ०.० | २० | २० | १००.० | ० | ०.० | ०.० |
| ५ | श्रम | ७१ | २१ | ११ | ५२.४ | १० | ४७.६ | ० | ०.० | ८ | ८ | १००.० | ० | ०.० | ०.० |
| कूल | | ६२२ | २१० | १०३ | ४९.० | ८७ | ४१.४ | २० | ९.५ | ६६ | ६४ | ९७.० | २ | ३.० | ८.० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक कार्ययोजनामा निर्धारित ६२२ माइलस्टोनहरूमध्ये यस अवधिमा सम्पन्न हुनुपर्ने २१० माइलस्टोनमध्ये १०३ माइलस्टोन सम्पन्न भएका र सम्पन्न भएका माइलस्टोनहरूलाई समयसीमाका आधारमा हेर्दा १०० माइलस्टोन समयमै सम्पन्न भएका र ३ माइलस्टोन ढिलो सम्पन्न भएको देखिन्छ। समयसारिणीका आधारमा सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१२ मा प्रस्तुत छ।

तालिका-१२

सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

| क.स. | मन्त्रालय | माइलस्टोन संख्या | कूल सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | २४० | ४८ | ० | ४८ | ० |
| २ | स्वास्थ्य तथा जनसंख्या | १९३ | ३३ | ० | ३२ | १ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ५६ | ६ | ० | ४ | २ |
| ४ | युवा तथा खेलकुद | ६२ | ५ | ० | ५ | ० |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ७१ | ११ | ० | ११ | ० |
| | कूल | ६२२ | १०३ | ० | १०० | ३ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला

मन्त्रालय; परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

### (क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कूल ३९२ क्रियाकलाप रहेकामा यस अवधिसम्ममा ४.६% क्रियाकलाप मात्र सम्पन्न भएका, ५०.८% चालु अवस्थामा रहेका र ४४.६% शुरू हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको १४.३% क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने राष्ट्रिय सतर्कता केन्द्रको ७७.८% क्रियाकलाप चालु अवस्थामा रहेको देखिएको छ। शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका-१३ मा प्रस्तुत गरिएको छः

तालिका-१३

**शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति**

| क.स. | मन्त्रालय/निकाय | कूल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५९ | १ | १.७ | २३ | ३९.० | ३५ | ५९.३ |
| २ | गृह मन्त्रालय | १५६ | १० | ६.४ | ९९ | ६३.५ | ४७ | ३०.१ |
| ३ | रक्षा मन्त्रालय | २८ | ० | ०.० | १३ | ४६.४ | १५ | ५३.६ |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २८ | ४ | १४.३ | १५ | ५३.६ | ९ | ३२.१ |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला | ३५ | २ | ५.७ | ८ | २२.९ | २५ | ७१.४ |
| ६ | परराष्ट्र मन्त्रालय | १८ | १ | ५.६ | ८ | ४४.४ | ९ | ५०.० |
| ७ | राष्ट्रिय योजना आयोग | १५ | ० | ०.० | ९ | ६०.० | ६ | ४०.० |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १६ | ० | ०.० | ९ | ५६.३ | ७ | ४३.८ |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | ९ | ० | ०.० | ७ | ७७.८ | २ | २२.२ |
| १० | राष्ट्रिय तथ्याङ्क कार्यालय | २८ | ० | ०.० | ८ | २८.६ | २० | ७१.४ |
| | कूल | ३९२ | १८ | ४.६ | १९९ | ५०.८ | १७५ | ४४.६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र असोजसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित १४९ माइलस्टोन रहेकामा ४५% मात्र सम्पन्न भएका छन् भने ४०.३% चालु अवस्थामा रहेका र १४.८% शुरू नै हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी राष्ट्रिय सतर्कता केन्द्रको शतप्रतिशत माइलस्टोन सम्पन्न भएका, गृह मन्त्रालय मन्त्रालयको सबैभन्दा बढी ६०% माइलस्टोन चालु अवस्थामा रहेका र राष्ट्रिय तथ्याङ्क कार्यालयको ५४.५% माइलस्टोन शुरू हुन सकेका छैनन्। असोजभित्र शुरू वा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सम्पन्न हुनुपर्ने जम्मा २६६ माइलस्टोनहरूमध्ये १२.८% शुरू नभएको देखिएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१४ मा प्रस्तुत गरिएको छः-

**तालिका-१४**

**शासकीय सुधार क्षेत्रका माइलस्टोनको २०८० असोज मसान्तसम्मको प्रगति विवरण**

| क्र.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | असोजसम्म सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | असोज भित्र शुरू हुनुपर्ने | असोजसम्म शुरू हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | असोजभित्र शुरू वा सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएको प्रतिशत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | शुरू नभएको | | | शुरू भएको | | शुरू नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | संख्या | प्रतिशत | संख्या | |
| १ | प्र.म. तथा म.प. | ८८ | १४ | ९ | ६४.३ | ५ | ३५.७ | ० | ०.० | २० | १८ | ९०.० | २ | १०.० | ५.९ |
| २ | गृह | १७४ | ५० | १९ | ३८.० | ३० | ६०.० | १ | २.० | २० | १९ | ९५.० | १ | ५.० | २.९ |
| ३ | रक्षा | ८९ | २१ | ७ | ३३.३ | ५ | २३.८ | ९ | ४२.९ | २५ | २५ | १००.० | ० | ०.० | १९.६ |
| ४ | सङ्घीय* | ६१ | १८ | १३ | ७२.२ | ५ | २७.८ | ० | ०.० | ४ | ४ | १००.० | ० | ०.० | ०.० |
| ५ | कानुन | ५१ | ७ | २ | २८.६ | २ | २८.६ | ३ | ४२.९ | १८ | १३ | ७२.२ | ५ | २७.८ | ३२.० |
| ६ | परराष्ट्र* | ३२ | २ | १ | ५०.० | १ | ५०.० | ० | ०.० | ११ | ९ | ८१.८ | १ | ९.१ | ७.७ |
| ७ | रा.यो.आ. | ३५ | १३ | ९ | ६९.२ | ४ | ३०.८ | ० | ०.० | ३ | २ | ६६.७ | १ | ३३.३ | ६.३ |
| ८ | सा.ख.अ.का. | ३३ | ९ | २ | २२.२ | ४ | ४४.४ | ३ | ३३.३ | ६ | ४ | ६६.७ | २ | ३३.३ | ३३.३ |
| ९ | रा.स.के. | २० | ४ | ४ | १००.० | ० | ०.० | ० | ०.० | ६ | ६ | १००.० | ० | ०.० | ०.० |
| १० | रा.त.का. | ७१ | ११ | १ | ९.१ | ४ | ३६.४ | ६ | ५४.५ | ४ | ४ | १००.० | ० | ०.० | ४०.० |
| | कूल | ६५४ | १४९ | ६७ | ४५.० | ६० | ४०.३ | २२ | १४.८ | ११७ | १०४ | ८८.९ | १२ | १०.३ | १२.८ |

** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको थप २ वटा र परराष्ट्र मन्त्रालयको थप १ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको*

**(स्रोतः एकीकृत अनुगमन प्रणाली)**

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने १४९ माइलस्टोनलाई समयसीमाका आधारमा अध्ययन गर्दा ४ वटा माइलस्टोन छिटो सम्पन्न, ९ वटा माइलस्टोन ढिलो सम्पन्न र ५७ वटा माइलस्टोन निर्धारित समयमै सम्पन्न भएको देखिएको छ। समयसारिणीका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१५ मा प्रस्तुत गरिएको छ।

तालिका-१५

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

| क्र.स. | मन्त्रालय/निकाय | माइलस्टोन संख्या | कूल सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८८ | ९ | ० | ८ | १ |
| २ | गृह मन्त्रालय | १७४ | १९ | ० | १६ | ३ |
| ३ | रक्षा मन्त्रालय | ८९ | ७ | ० | ७ | ० |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६१ | १५ | ३ | ९ | ३ |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५१ | २ | ० | २ | ० |
| ६ | परराष्ट्र मन्त्रालय | ३२ | २ | १ | १ | ० |
| ७ | राष्ट्रिय योजना आयोग | ३५ | ९ | ० | ७ | २ |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ३३ | २ | ० | २ | ० |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | २० | ४ | ० | ४ | ० |
| १० | राष्ट्रिय तथ्याङ्क कार्यालय | ७१ | १ | ० | १ | ० |
| कूल | | ६५४ | ७० | ४ | ५७ | ९ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५. समीक्षा अवधिमा सम्पन्न भएका मुख्य कार्यहरू

मन्त्रालय/ निकायहरूले एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरेका विवरणका आधारमा २०८० को असोज मसान्तसम्ममा केही उल्लेखनीय कार्य सम्पन्न भएको देखिएको छ। त्यसैगरी, समीक्षा अवधिसम्म मन्त्रालय/निकायबाट केही मुख्य कार्य सम्पन्न हुन नसकेको देखिएको छ। समीक्षा अवधिमा सम्पन्न भएका मुख्य कार्यहरूलाई तालिका -१६ मा प्रस्तुत गरिएको छः-

तालिका -१६

सम्पन्न भएका मुख्य कार्यहरू

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| १. | पूर्वाधार निर्माणमा वनक्षेत्रको सहज प्रयोग तथा वैदेशिक लगानी प्रतिवद्धता र प्राप्ति बीचको अन्तर न्यूनीकरण सम्बन्धमा छुट्टाछुट्टै अवधारणा पत्र तयार | प्र.म. तथा म.प. |
| २. | आयोजना कार्यान्वयनामा देखिएका समस्या समाधान सम्बन्धमा २ वटा सहजीकरण बैठक सम्पन्न | प्र.म. तथा म.प. |
| ३. | Ease of Doing Business अन्तर्गत व्यावसायिक वातावरण समितिको बैठक सञ्चालन | प्र.म. तथा म.प. |
| ४. | मन्त्रालयहरुको कार्यप्रगति सम्बन्धी मासिक र वार्षिक प्रतिवेदनहरु तयार | प्र.म. तथा म.प. |
| ५. | सम्पत्ति शुद्धीकरण सम्बन्धमा स्थापित संयन्त्रहरुको नियमित बैठक संचालन | प्र.म. तथा म.प. |
| ६. | विद्युतीय सुशासन सम्बन्धमा संघीय सांसदहरु, स्थानीय निकायका प्रमुख तथा उपप्रमुख तथा नीति निर्माणमा संलग्न पदाधिकारीलाई अभिमुखीकरण | प्र.म. तथा म.प. |

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| ७. | सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू बीच आ.व. २०८०/०८१ का लागि कार्यसम्पादन सम्झौता | प्र.म. तथा म.प. |
| ८. | कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनका लागि गठित समितिहरूबाट कार्य भइरहेको | प्र.म. तथा म.प. |
| ९. | कुटनीतिक नियोगसम्बन्धी कर फिर्ता स्वचालित रुपमा गर्न कार्यविधि तयार | अर्थ |
| १०. | सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई मापदण्डको आधारमा इन्धन बापत नगदै उपलब्ध गराउन कार्यविधि तयार | अर्थ |
| ११. | पशुपालन (मासुजन्य र दूधजन्य) कर्जा तथा पशुधन कार्यक्रम अन्गर्गत ३ सय ९३ जना साना किसानलाई रु. ७ करोड ९८ लाख ९४ हजार ऋण लगानी भएको | अर्थ |
| १२. | निशुल्क नयाँ कम्पनी दर्ता र कम्पनीको पुँजी वृद्धि व्यवस्था कार्यान्वयन प्रारम्भ | उद्योग |
| १३. | निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ संशोधन | उद्योग |
| १४. | सूचना प्रविधिमा आधारीत उद्योगको लगानीको सिमा पुनरावलोकन सम्बन्धी प्रस्ताव म. प. मा पेश | उद्योग |
| १५. | दुर्गम स्थानहरुमा २५३८.७ मे. ट. खाद्यान्न र १६६० मे. ट. नुन ढुवानी | उद्योग |
| १६. | चाडपर्व लक्षित बजार अनुगमन | उद्योग |
| १७. | सार्क खाद्य भण्डार र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा न्यूनतम खाद्यान्न भण्डार कायम | उद्योग |
| १८. | ६६ के.भी. भन्दा माथिको थप ४८१ स.कि.मि. प्रसारण लाइन निर्माण | ऊर्जा |
| १९. | ग्रामीण विद्युतीकरण अन्तर्गत थप ६ जिल्लामा ३३/११ केभि सबस्टेशनको निर्माण सम्पन्न | ऊर्जा |
| २०. | जलाशययुक्त बुढीगण्डकी (१२०० मेगावाट.) निर्माणको वितिय व्यवस्थापनको प्रतिवेदन तयार | ऊर्जा |
| २१. | बबई सिंचाई आयोजनामा थप १० कि.मि. शाखा नहर, थप ३ हेक्टर जग्गाको मुआब्जा वितरण गरिएको | ऊर्जा |
| २२. | सान्जेन जलविद्युत आयोजना(४२.५मेगावाट- २०८० चैत्रमा सम्पन्न हुने) निर्माण ९५% बाट ९६% र हाइड्रो मेकानिकल कार्य ९७% पुगेको | ऊर्जा |
| २३. | सुनकोशी मरिन डाइभर्सन आयोजनाको सुरुङको थप २ कि.मि. सुरङ खनिएको | ऊर्जा |
| २४. | थप ६०० घर धुरीमा घरेलु सौर्य उर्जा जडान भएको | ऊर्जा |
| २५. | नेपाल सरकारका विभिन्न ९९ वटा सूचना सम्पादन र राजपत्रमा प्रकाशन | कानून |
| २६. | कानुन तर्जुमा र संसोधन सहमति प्रदानः ५ वटा | कानून |
| २७. | सैद्धान्तिक सहमति प्रदानः ४ वटा | कानून |
| २८. | राय प्रदानः ३० वटा | कानून |
| २९. | काभ्रे र भोजपूर जिल्लाका न्यायिक समितका पदाधिकारीहरुलाई अभिमुखीकरण गरिएको | कानून |
| ३०. | ६ लाख ६० हजार पशुमा कृत्रिम गर्भाधान र ३८ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा खरिद गरी वितरण | कृषि |
| ३१. | विभिन्न बालीको ३० मेट्रिक टन स्रोत बीउ र ५७ हजार बेर्ना वितरण एवम् बाली बिमाको रू. २ करोड २९ लाख प्रिमियम भुक्तानी | कृषि |

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| ३२. | ४ लाख १५ हजार मेट्रिक टन रासायनिक मलको लागि टेन्डर आह्वान एवम् १ लाख २४ हजार मेट्रिक टन मल आयात एवम् वितरण | कृषि |
| ३३. | ४० लाख शुद्ध माछाका भुरा र २४ हजार सौन्दर्य माछाका भुरा उत्पादन र वितरण | कृषि |
| ३४. | कर्णाली प्रदेशमा ३५ वटा साना सिंचाइ आयोजनाको सर्वेक्षण | कृषि |
| ३५. | NWASH अन्तर्गत एक घर एक खानेपानी धारा कार्यक्रम अन्तर्गत २३००० घरधुरीको नक्सांकन | खानेपानी |
| ३६. | महादेव खोलाबाट काठमाण्डौमा पानी आपूर्तिको सम्भाव्यता अध्ययनको डिपिआर र ठोस्ने खोलाबाट काठमाण्डौं उपत्याकामा पानी आपूर्तिको Geotechnical Study सम्पन्न | खानेपानी |
| ३७. | टिकापुर ढल प्रशोधन आयोजनाको निर्माण कार्य ६२% बाट ८६% सम्पन्न | खानेपानी |
| ३८. | निर्माणाधीन ८० वटा केन्द्रीय खानेपानी आयोजनाहरुको ६०प्रतिशत कार्य सम्पन्न गर्ने । | खानेपानी |
| ३९. | कटहरियामा वर्षातको पानी निकास आयोजनाको कार्य ६०% बाट ९५% | खानेपानी |
| ४०. | कलंकी- स्वयम्भू, बालुवाटार- धुम्बाराही र कपन-मण्डिखाटारमा थप ३ कि.मि. पाइपलाइनको निर्माण सम्पन्न | खानेपानी |
| ४१. | नागरिकता नियमावली संशोधन | गृह |
| ४२. | १९० स्थानीय तहबाट विद्युतीय भुक्तानी प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण | गृह |
| ४३. | Nepal Disaster Report को मस्यौदा तयार | गृह |
| ४४. | Audio Emergency Notification System (Early Warning System) जडान गर्न ४६ वटा स्थलको स्थान तोकिएको | गृह |
| ४५. | सम्मानानीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा संयुक्त राष्ट्रसंघको ७८ औं महासभामा सहभागी | परराष्ट्र |
| ४६. | सम्मानानीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा मित्रराष्ट्र चीनको उच्चस्तरीय भ्रमण र बिभिन्न विषयहरुमा सम्झौता | परराष्ट्र |
| ४७. | आर्थिक कूटनीति अन्तर्गत विभिन्न नियोगहरुबाट ४० स्थानमा निर्यात व्यापार, लगानी र पर्यटन प्रवर्द्धन अन्तर्क्रिया | परराष्ट्र |
| ४८. | यस आ.व. मा थप ४ लाख विद्युतीय राहदानी वितरण | परराष्ट्र |
| ४९. | लाइडार प्रविधिबाट नापनक्शाको लागि गुरूयोजना स्वीकृत | भूमि |
| ५०. | भू उपयोग वर्गीकरण सम्बन्धमा १६२ स्थानीय तहलाई प्राविधिक सहयोग प्रदान | भूमि |
| ५१. | हरवा चरवा पुनस्थापनसम्बन्धी कार्यविधि जारी | भूमि |
| ५२. | सम्पत्ति शुद्धीकरण सम्बन्धमा १० वटा संस्थाको सहकारी संस्थाको अध्ययन सम्पन्न | भूमि |
| ५३. | गरिब घर परिवार पहिचान अन्तर्गत फिल्ड कर्मचारी, स्थानीय तहका लागि भू उपयोग सम्बन्धी, सहकारी नियमनसम्बन्धी एवम् COPOMIS संचालन सम्बन्धी प्राविधिक प्रशिक्षणका लागि MTOT सम्पन्न | भूमि |
| ५४. | बर्दिवास रेलवे स्टेशनको ट्राकवेड तथा RUB, Culvert निर्माणको ठेक्का सम्झौता | भौतिक |
| ५५. | बुटवल-गोरूसिंगे खण्ड (५० कि.मि.) ४ लेनमा स्तरोन्नतिको गर्ने कार्यको IEE स्वीकृत | भौतिक |
| ५६. | लौकही -काकरभिट्टा सडक खण्ड (९५ कि. मि) ४ लेनमा स्तरोन्नति गर्ने कार्यको ठेक्का सम्झौता | भौतिक |

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
| --- | --- | --- |
| ५७. | नारायणघाट-बुटवल खण्ड (११३ कि.मि.) मध्ये थप ७ कि. मि. कालपत्रे | भौतिक |
| ५८. | नौविसे नागढुंगा खण्डमा मुख्य सुरुंग मार्गको लम्बाई २.६८८ मध्ये २.४१४ सकिएको, मुख्य सुरुंग मार्गमा १३२६.८५ कंक्रिट लाईनिंगको कार्य तथा क्रोस प्यासेजमा १२ मि. कंक्रिट लाईनिंगको कार्य सम्पन्न | भौतिक |
| ५९. | पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत थप २० कि.मि. सडक कालपत्रे | भौतिक |
| ६०. | हुलाकी राजमार्ग अन्तर्गत थप ४१ कि.मि. सडक कालपत्रे | भौतिक |
| ६१. | बुटवल बेलहिया सडक अन्तर्गत थप ३ वटा सडक पुल निर्माण सम्पन्न | भौतिक |
| ६२. | मदन भण्डारी राजमार्ग अन्तर्गत थप ६ कि मि सडक कालोपत्रे र ५ कि.मि. सडक ट्रयाक चौडा | भौतिक |
| ६३. | थप ४ वटा यातायात व्यवस्था कार्यालयमा VRS प्रणाली लागू | भौतिक |
| ६४. | करिब १ लाख १६ हजार थान ईम्बोस्ड नम्बर प्लेटको उत्पादन | भौतिक |
| ६५. | दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ३९ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार | महिला |
| ६६. | मङ्गला साहना पुनःस्थापना केन्द्र निर्माण गर्न शहरी विकास मन्त्रालय अन्तर्गत बजेटको अख्तियारी प्रदान | महिला |
| ६७. | १२ वटा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता | युवा |
| ६८. | ४ वटा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना र १२ वटा अन्तराष्ट्रिय प्रतिस्पर्धामा सहभागिता खेल पर्यटनबाट हालसम्म ७६९ पर्यटकको नेपाल भ्रमण | युवा |
| ६९. | युवा स्वरोजगार कार्यक्रमबाट कर्जा लगानीका लागि २६ वटा वित्तीय संस्थासँग सम्झौता | युवा |
| ७०. | काठमाण्डौ तराइ मधेश द्रुतमार्ग- प्याकेज नं. ८ख (Chainage 11+120 देखि 14+710) को डि.पि.आर. संशोधन सहित बोलपत्र आव्हान | रक्षा |
| ७१. | काठमाण्डौ तराइ मधेश द्रुतमार्ग- प्याकेज नं.१० (Chainage 21+380 Chainage 26+350) को डि.पि.आर. संशोधन सहित बोलपत्र आव्हान | रक्षा |
| ७२. | काठमाण्डौ तराइ मधेश द्रुतमार्ग- धेद्रे र लेनडाँडा (कुल लम्बाई 3,340 मि.) सुरुङ्ग थप ५८५ मीटर निर्माण गरी १४३५ मि. पुर्याइएको | रक्षा |
| ७३. | १५ वटा उद्योग एवम् परियोजनाको वातावरणीय अनुगमन एवम् २ वटा आयोजनाहरुको वातावरणीय परीक्षण (Environmental Audit) सम्पन्न | वन |
| ७४. | उद्यानमा नभएका वनस्पतिको थप ८२ प्रजातिको संकलन र परस्थानीय संरक्षण गरिएको | वन |
| ७५. | गल्छी पहिरो खहरे रोकथाम तथा नियन्त्रण १० वटा, सिमसार क्षेत्र र तालतलैया संरक्षण २५ वटा पानी मुहान संरक्षण ७० वटा, घासे मैदान सुरक्षण- ६० हेक्टर, नदी तथा खोला किनारा स्थिरिकरण २ कि.मि. का लागि खरिद सम्झौता | वन |
| ७६. | स्थानीय अनुकूलन योजना तयार गरी कार्यान्वयन प्रारम्भ | वन |
| ७७. | अति सीमान्तकृत समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षातर्फको छात्रवृत्ति प्रदानसम्बन्धी निर्देशिका परिमार्जन | शिक्षा |

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| ७८. | बर्दिबास मेडिकल कलेज र बुटवल मेडिकल कलेजको डिपिआर तयारीका लागि परामर्शदाता छनौट र सम्झौता | शिक्षा |
| ७९. | बुक अर्काइभ तथा पुस्तक डिजिटाइजेसन गर्न कार्यसम्पादन सम्झौता | शिक्षा |
| ८०. | चिकित्सा शिक्षा आयोगबाट अनलाइन अध्ययन अनुमति पत्र (Eligibility letter) वितरण आरम्भ | शिक्षा |
| ८१. | कक्षा १-१२ का विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने कार्यविधि तयार र स्थानीय तहमा सम्प्रेषण | शिक्षा |
| ८२. | ब्रेल लिपीका पाठ्यपुस्तक छपाईका लागि बोलपत्र आह्वान | शिक्षा |
| ८३. | "योग र ध्यान" विषयलाई समावेश गरी विद्यालयस्तरीय पाठ्यक्रममा एकीकरण | शिक्षा |
| ८४. | राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान गठन आदेश मन्त्रिपरिषद्मा पेश | शिक्षा |
| ८५. | सामाजिक सुरक्षाकोषको रकम लाभग्राही परिवारको स्वास्थ्य बिमा संचालनमालागि प्रयोग गर्ने सम्बन्धमा अध्ययन | श्रम |
| ८६. | श्रम कानूनको परिपालना (मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यसायजन्य सुरक्षा बालश्रम आदि) सम्बन्धमा ७१२ वटा र वालश्रम सम्बन्धमा ६५८ वटा श्रम प्रतिष्ठानहरुको निरिक्षण | श्रम |
| ८७. | स्वरोजगार र अनौपचारिक क्षेत्रका श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्धताको प्रारम्भ | श्रम |
| ८८. | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान एवम् पर्यटन तथा होटल प्रतिष्ठानको मर्जर र पर्यटन प्रवर्द्धन विकास समितिहरु प्रदेश/स्थानीय तहमा हस्तान्तरणका लागि अध्ययन सम्पन्न | संस्कृति |
| ८९. | तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न Sector Strategy Plan तयार | संस्कृति |
| ९०. | संस्कृति ऐनको तर्जुमाका लागि सैद्धान्तिक सहमति प्राप्त | संस्कृति |
| ९१. | भोजपुरको ट्याम्के मयुङ्मा सांस्कृतिक गाऊँ निर्माणका लागि बोलपत्र आह्वान | संस्कृति |
| ९२. | ढुङ्गा गिट्टी वालुवा जस्ता निर्माण सामग्रीको व्यवस्थापनसम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश | सङ्घीय |
| ९३. | स्थानीय तहको MTEF तर्जुमाको दिग्दर्शन परिमार्जन | सङ्घीय |
| ९४. | सङ्घीय निजामती सेवासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश | सङ्घीय |
| ९५. | फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति २०७९ पुनरावलोकका लागि सरोकारवालाहरुसँग परामर्श माग | सङ्घीय |
| ९६. | तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका परिमार्जन | सङ्घीय |
| ९७. | स्थानीय तहको प्रगति अनुगमन तथा प्रतिवेदन प्रणाली विकासका लागि स्थानीय स्तरमा प्रशिक्षण | सङ्घीय |
| ९८. | अधिकृतस्तरका १९४० जना कर्मचारीलाई प्रशिक्षण | सङ्घीय |
| ९९. | निजामती कर्मचारीको सन्ततिलाइ शैक्षिक प्रोत्साहन वृत्ति उपलव्ध गराउन निर्देशिका परिमार्जन | सङ्घीय |
| १००. | फोहोरमैला सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार | सङ्घीय |
| १०१. | ३७ वटा कार्यालयमा सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली सञ्चालन | सञ्चार |
| १०२. | ४८ वटा सरकारी निकायमा कमन टेम्प्लेटद्वारा वेवसाइटको सञ्चालन | सञ्चार |

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| १०३. | उच्च क्षमताको इन्टरनेटका लागि थप ६०० कि.मि. अप्टिकल फाइबरको विस्तार | सञ्चार |
| १०४. | उच्च क्षमताको इन्टरनेट पुगेको जनंख्या ९१% बाट ९५%, फिक्सब्रोडब्यान्ड इन्टरनेट पुगेको जनसंख्या ३७% बाट ४०%, फोर जी क्षमता विस्तार भएको जनसंख्या ६५% बाट ६७% पुर्याइएको। | सञ्चार |
| १०५. | रेडियो नेपाल मार्फत थप १६५५ वटा अडियो सामग्री र गोरखापत्र संस्थान मार्फत २४ वर्षको सामग्रीहरुलाई डिजिटल आर्काइभ गरिएको | सञ्चार |
| १०६. | सरकारका विभिन्न निकायहरुको ६६ वटा सिस्टम, सफ्टवेयर, Website, Web application, mobile application हरुको सुरक्षा अडिट गरिएको | सञ्चार |
| १०७. | काठमाडौं उपत्यकाको बृहत्तर गुरु योजनाको मास्टर प्लान तयार | सहरी |
| १०८. | यस अवधिमा ६ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न, २० वटा निर्माणको लागि बोलपत्र आह्वान | सहरी |
| १०९. | **सभाहल लगायत भवनहरु-**<br>• गोरखा सभाहल : छाना छाउने कार्य सम्पन्न<br>• दमौली सभाहल : Accessories जडान र फर्निसिङ<br>• महेन्द्र नारायण निधि सांस्कृतिक केन्द्र : Acoustic तथा Finishing कार्य सम्पन्न<br>• संघीय संसद भवन निर्माण : भवन बाहिरको Landscaping सन्बन्धी कार्यको २५% सम्पन्न<br>• संघीय मन्त्री क्वार्टर : Interior र फर्निसिङको कार्य शुरु भई ५०% पुगेको<br>• मुख्यमन्त्री निवास भैसेपाटी : करीब सम्पन्न<br>• चण्डीदल गण भवन सिंहदरबार : समग्र प्रगति ७२% बाट ८०% पुगेको | सहरी |
| ११०. | **एकीकृत सहरी विकास अन्तर्गत**<br>• १४ वटा वसपार्क निर्माण : प्रारम्भ भई १५ % पुगेको<br>• २८४ कि.मि. सडक तथा नाला निर्माण : प्रारम्भ भई १५ % पुगेको<br>• १४ वटा हाट बजार निर्माण : प्रारम्भ भई १५ % पुगेको<br>• सार्वजनिक पोखरी निर्माण : प्रारम्भ भई १५% पुगेको | सहरी |
| १११. | **भूकम्प पछिको पुनर्निर्माण**<br>• त्रिचन्द्र क्याम्पस : जगको प्रवलीकरण सम्पन्न<br>• महालेखा परीक्षकको कार्यालय र सडक विभाग कार्यालय रहेको बबरमहल : Furniture & Finishing को कार्य सम्पन्न<br>• सिंहदरबार पश्चिम भवन : भित्रि भवनको रंग रोगन सम्पन्न, ग्यालरी बैठकको रेट्रोफिटिङका लागि बोलपत्र आह्वान, मुख्य गेटको कोठा भित्रको कार्य प्रारम्भ (समग्र प्रगति 92%)<br>• केन्द्रीय बाल कल्याण भवन नक्साल प्रवलीकरण : समग्र प्रगति ८०% बाट ९०% पुगेको<br>• केशरमहल लाजिम्पाट : समग्र प्रगति २६% बाट ४५% पुगेको<br>• धरहरा पुनर्निर्माण: समग्र प्रगति ८० बाट ८६% पुगेको | सहरी |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | मुख्य कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| | • राष्ट्रपति कार्यालय Restoration : Electricity, Sanitary, Furnishing को कार्य ४५% बाट ५५% पुगेको | |
| ११२. | थप २ वटा आयुर्वेद स्वास्थ्य संस्थाको भवन निर्माण सम्पन्न | स्वास्थ्य |
| ११३. | महामारी तथा आपतकालीन जनस्वास्थ्य घटनाहरुको रोकथाम , तथा प्रतिकार्य गर्न ११० जना जनशक्तिको क्षमता विकास गरिएको | स्वास्थ्य |
| ११४. | डेंगी रोग नियन्त्रणका लागि आवश्यक अभियानहरु संचालन गरिएको | स्वास्थ्य |
| ११५. | मानसिक अस्पतालको भवनको गुरू योजना र बिस्तृत ईन्जिनियरिङ प्रतिबेदन तयार | स्वास्थ्य |
| ११६. | मुलुक भरिका ११९ सरकारी अस्पतालहरुमा न्युनतम सेवा मापदण्ड (MSS) फलोअपको फलोअप | स्वास्थ्य |
| ११७. | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशा भवन निर्माण प्रारम्भ भई १०% पुगेको | स्वास्थ्य |
| ११८. | आगामी पाँच वर्षका लागि चिकित्सा क्षेत्रका विभिन्न विधामा मुलुकलाई आवश्यक पर्ने जनशक्तिको आंकलन र सिफारिस | स्वास्थ्य |
| ११९. | केन्द्रीय सरूवा रोग अस्पताल ३०० शैय्या र प्राकृतिक एवं अन्य वैकल्पिक चिकित्सा अस्पताल १०० शैय्याको भवन निर्माणको बोलपत्र आह्वान | स्वास्थ्य |
| १२०. | एक अर्बभन्दा माथिका र प्राथमिकता प्राप्त आयोजनाहरूको संयुक्त अनुगमनको कार्यविधि तयार | रा.यो.आ. |
| १२१. | सोह्रौं आवधिक योजना तर्जुमाका लागि योजनाको क्षेत्रगत एकीकृत प्रारम्भिक मस्यौदा तयार | रा.यो.आ. |
| १२२. | राष्ट्रिय समस्या समाधान समितिको ५१औं बैठक सम्पन्न | रा.यो.आ. |
| १२३. | दीगो विकास लक्ष्यको प्रगतिसम्बन्धी मस्यौदा प्रतिवेदन तयार | रा.यो.आ. |
| १२४. | आ.व. ०७९/८० को चौथो त्रैमासिकको मूल्य तथा उत्पादन सूचकाङ्क तयार | रा.यो.आ. |
| १२५. | लगानी बोर्ड कोष संचालन सम्बन्धी कार्यविधि तर्जुमा | ल.बोर्ड |
| १२६. | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा नियमावली, २०७७ मा आवश्यक संशोधनका लागि ऐनको संशोधन मस्यौदा तर्जुमा | ल.बोर्ड |
| १२७. | ४ वटा आयोजनाहरुमा लगानीका लागि प्राप्त प्रस्तावको मूल्याङ्कन सम्पन्न | ल.बोर्ड |
| १२८. | राष्ट्रिय तथ्याङ्क प्रणाली (NDP) मा स्थानीय तहहरूबाट तथ्याङ्क प्रविष्ट गराउने कार्य प्रारम्भ भएको | रा.त.का. |
| १२९. | राष्ट्रिय गौरव/अन्य आयोजनाको प्राविधिक परीक्षण गर्न आयोजना विवरण संकलन | रा.स.के. |
| १३०. | e-GP सञ्चालनको लागि आवश्यक Software तथा Hardware को License खरिदका लागि परामर्शदाताबाट Need Analysis सहितको प्रतिवेदन प्राप्त | सा.ख.अ.का. |
| १३१. | e-GP System स्तरोन्नति सम्बन्धी उपकरण खरीदका लागि परामर्शदाताबाट Recommendation सहितको प्रतिवेदन प्राप्त | सा.ख.अ.का. |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ६. समस्या र कारणहरूको विश्लेषण

- मन्त्रालय तथा निकायहरूबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट वार्षिक कार्ययोजना अनुसार असोज मसान्तसम्म निश्चित लक्ष्य हासिल हुनु पर्ने तपशील बमोजिमका विवरण भएका माइलस्टोनहरूको लक्ष्य हासिल हुन नसकेको देखियो ।

तालिका-१७

लक्ष्य प्राप्ति नभएका माइलस्टोनहरूको विवरण

| क्र.सं. | विवरण | माइल्स्टोन्स संख्या |
|---|---|---|
| १ | असोजसम्म सम्पन्न हुनुपर्ने मध्ये चालु माइलस्टोन | ३९६ |
| २ | असोजसम्म सम्पन्न हुनुपर्ने मध्ये शुरू नभएका माइलस्टोन | १०५ |
| ३ | असोजसम्म शुरू हुनुपर्ने मध्ये चालु (लक्ष्य प्राप्ति नभएको) माइलस्टोन | २८६ |
| ४ | असोजसम्म शुरू हुनुपर्ने मध्ये शुरू नभएका माइलस्टोन | ६२ |
| | कूल जम्मा | ८४९ |

- मन्त्रालय/ निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त ८४९ क्रियाकलापहरूलाई विषय अनुसार वर्गीकरण गर्दा कार्यक्रम सञ्चालनसँग सम्बन्धित २४७, बोलपत्र आह्वान तथा सूचना प्रकाशन कार्य, लागत अनुमान तयार गर्ने जस्ता खरिद प्रक्रियासँग सम्बन्धित विषयका २२२ माइलस्टोन शुरू हुन नसकेको देखियो। यसको विस्तृत विवरण तालिका-१८ मा उल्लेख गरिएको छ।

तालिका-१८


तोकिएको लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय

| माइलस्टोनका विषय | माइल्स्टोन संख्या |
|---|---|
| कार्यक्रम सञ्चालनसँग सम्बन्धित | २४७ |
| खरिद प्रक्रियासँग सम्बन्धित | २२२ |
| भौतिक निर्माणसँग सम्बन्धित | २०७ |
| कानुनी तयारीसँग सम्बन्धित | ९९ |
| सम्भाव्यता अध्ययनसँग सम्बन्धित | ३३ |
| जग्गा प्राप्ति तथ साइट क्लियरेन्ससँग सम्बन्धित | २० |
| IT सँग सम्बन्धित | १३ |
| IEE/EIA सँग सम्बन्धित | ५ |
| वन र वनस्पतिसँग सम्बन्धित | २ |
| कृषि अनुसन्धानसँग सम्बन्धित | १ |
| कूल जम्मा | ८४९ |

- प्राप्त विवरण अनुसार असोज मसान्तसम्म सम्पन्न हुनुपर्ने मध्ये चालु वा शुरू हुन नसकेका र असोज मसान्तसम्म शुरू हुनुपर्ने मध्ये चालु (लक्ष्य प्राप्ति नभएका) वा शुरू हुनुपर्ने मध्ये शुरू नभएका माइलस्टोनका कारणहरू लेखाचित्र-३ मा प्रस्तुत गरिएको छ।

**लेखाचित्र-३**

**२०८० असोजमहिनासम्म निश्चित लक्ष्य हासिल हुन नसकेका माइलस्टोनका कारण**




- माथिको लेखाचित्रलाई विश्लेषण गर्दा हालसम्म सम्पन्न हुनुपर्नेमध्ये कार्य शुरू हुन नसक्नुका कारणहरूमा पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागू गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। तोकिएको उक्त कार्य सम्पन्न गर्न आवश्यक पर्ने अघिल्लो कार्य सम्पन्न नभएका कारणसमेत यस्तो अवस्था सिर्जना हुनेगर्दछ। उदाहरणका लागि कुनै भौतिक संरचना निर्माणका लागि "लागत अनुमान तयारी" माइलस्टोन सम्पन्न नभएका कारण त्यसपछिका "बोलपत्रको सूचना प्रकाशन", "निर्माण सम्झौता" जस्ता माइलस्टोन स्वतः प्रभावित हुने देखिन्छ। समिक्षा अवधिमा असोज मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये ५२१ माइलस्टोन पूर्वतयारी पूरा हुन नसकेकोले शुरू नै हुन नसकेको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो । सम्पन्न वा शुरू हुनुपर्ने माइलस्टोनहरूमध्ये ५४ माइलस्टोन बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित देखिएको छ भने जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनका कारण ४३ वटा प्रभावित भएका छन्।

- कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको कारण ४२ वटा, अन्य निकायको सहमति प्राप्त नभएका कारण ४२ वटा, विवाद तथा कानूनी जटिलताका कारण १६ वटा र अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय हुन नसकेका कारण १४ वटा माइलस्टोन सम्पन्न हुन सकेका छैनन्।

- स्थान छनौट/ जग्गा प्राप्ति नभएकोले कारणले लक्ष्य प्राप्त हुन नसकेको माइलस्टोन ३४ वटा माइलस्टोन देखिएको छ।

- त्यसैगरी, कार्यक्रमको पुनःसंरचना गर्नु परेको कारण १३ वटा माइलस्टोन सम्पन्न हुन नसकेको देखिएको छ ।

- प्रष्ट कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या ७० रहेकोले मन्त्रालय/निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको वा उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुनसक्ने देखिन्छ ।

## ७. सुझावहरू:

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामूखी र परिणाममुखी बनाउन सक्ने देखिन्छ:

(क) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू शुरू समेत हुन नसकेको स्थिति रहेकोले पछाडि कार्यचाप थपिन्छ तसर्थ त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

(ख) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आ.व.को शुरूका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिबृद्धि गर्नुपर्छ।

(ग) बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न पूर्वमूल्याङ्कन गरेर मात्र कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुन्छ।

(घ) स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने, यस्तो बजेट छुट्याईएपछि मात्र नयाँ कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ। मध्यमकालिन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पण जस्ता विषयहरूमा वित्तीय अनुसाशन प्रबर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा स्थान छनौट जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(च) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(छ) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाई रहने र संस्थागत अभिलेख समेत रहन्छ।

(ज) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(झ) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाईका साथ कार्यान्वयन गर्नु पर्दछ।

(ञ) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ट) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, कानूनी व्यवस्थालाई व्यवहारिक बनाउने, भौतिक निर्माणमा निर्माण व्यवसायीको कार्यसम्पादन विश्लेषण गरी प्रत्येक निर्माण व्यवसायीलाई निश्चित संख्यामा मात्र ठेक्का दिने, छनौट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ठ) अन्तर निकाय समन्वयको कमीले गति लिन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। यसका लागि आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिनु उपयुक्त हुन्छ।